# रक्सिदै न रक्सिएको साँझमा  विरागको गुनगुन

आभास

युद्धबिरामताकाको कुरा । देखिए आशाका केही झुल्का । सोच आयो राजधानीभन्दा बाहिर निक्लौं । बिना उद्देश्यको घुमाइमा खास दम हुन्न, एउटा उद्देश्य पनि खप्टुँ न ! एकजना मोफसलका सर्जकलाई भेटौं र आनन्द लिउ उनका सिर्जनाको । जाउँ हेटौंडा र सुनौं विराग दाइका अनुरागी रचना । विराग दाइलाई सुनेको सानै छँदा हो । तर उहाँकै कण्ठमा चाहिँ होइन । नारायण दाइको कण्ठमा । त्यो पनि प्रत्यक्ष होइन । रेडियोमा कुरेर । आफूलाई मन पर्ने रचनालाई त्यसरी रेडियोमै कुरेर सुन्नुमा पनि गजबको आनन्द थियो । मनले खाएको कसैको प्रतिक्षामा घण्टौ बिताउनु र प्राप्तिपछि रिसाए झैं आनन्द लिनु जस्तै । नारायण दाइका अरु गीत पनि त्यसै गरी कुरेर सुनिन्थ्यो । रचना छान्न सक्ने उहाँको खुबीको प्रशंसा र ईर्ष्यालु भावनाको त्यतिबेलै अङ्कुरण भैसकेको रै'छ भित्र भित्रै । र त सोच्दो रै'छु- नारायण दाइको स्वरमा अनुरागका सबै कोण गुञ्जिसके अब के पो गाउने ? अचम्मै को हुन्छ यो ईष्या भन्ने जँन्तु पनि । विराग दाइको रचना, नारायण दाइको कण्ठबाट सुन्दा यस्तै या यो जस्तै भावना उठेथ्यो सायद । सरलता भित्र यस्तो उचाई एकदम थोरै रचनामा पाइन्छ-

*तिमीले पनि म जस्तै माया दिएर हेर*
*मायालुको सम्झनामा आफूलाई बिर्सि हेर*

थानकोटबाट बाहिर निस्कँदा मनभरि गुञ्जे यही गीतका हरफहरु । टचाक्सीको अघिल्लो सिटमा मौन दानु । उ अनि मौनता ! एकदम अमिल्दा चरित्र । तर जिन्दगीमा बेमेल-खेती पनि त हुन्छन्, यस्तै केही सोच्छु र बोल्न खोज्दाखोज्दै लाग्छु चुप । ठान्छु, बरु उसको मौनता भङ्ग गर्ने अर्कै सुन्दर बाटो रोज्नु बेस-

*पूजाको फूल जस्तै दिन दिन मरेर हेर*
*ढुङ्गाको मूर्ति जस्तै दोबाटोमा बाँची ...*

भाका टुङ्गिन नपाउदै फुस्कन्छ अमृतको प्रतिकृया- 'कस्तो गज्जब लाइन छ है ? *पूजाको फूल जस्तै दिन दिन मरेर हेर* ! गीत त यस्तो पो हुनु ।' मेरो सुस्त व्युत्पन्न मति बिस्तारै चलमलाउछ- भीम बिराग दाइले त्यतिबेला फूल भित्रको मृत्युलाई अनुभूत गर्न पाउनुभयो र पो जन्म्यो यो सुन्दर सिर्जना । हामी त समयको यस्तो संघारमा उभिएका छौं ! दिन दिनै मारिने र मर्ने यथार्थले थङ्थिलो भइसक्यौं । मृत्यु पनि संवेदना विहीन भइसके हाम्रा लागि । वर्तमानको अन्योलले हामी आफैं भित्र छौं अलमल र कुण्ठित । फूललाई निहारेर कल्पनाको सागरमा छलाङ् मार्दै सिर्जनशील हुनु पर्ने बैंसहरु टुङ्गिदै छन् कुसमयमै । तर हाम्रो संवेदना डेग पनि चल्दैन । मनभरि यस्तै के के सलबल । यसरी आफैं भित्र बहकिने पुरानो रोगले गाँज्दै हुन्छ । दानुको 'भीम दाइका जति गीत सुन्न पाइएको छ, सबै 'क्ल्यासिक' छन् यार !' ले झस्कन्छु । चीरकाजी 'स्टीयरिङ' काट्नमै व्यस्त । बाटो बीचका अनगिन्ती खाल्टा छल्दैमा आजित चीरकाजी । नाम चीरकाजी ! पहिलो पल्ट सुन्नेका निम्ति अनौठो । तर मेरोनिम्ति परिचित । त्यो पनि गीतकै माध्यमबाट । 'आस्था'मा छँदा रामेश दाइ हामीले गाउने एउटा गीत थियो । त्यही गीतको एउटा पात्र । चीरकाजी ! ठेट नेपाली शैलीमा त्यो सामुहिक गीत रङ्गमञ्चबाट घन्कँदा, दर्शकदीर्घामा अनौठो शक्ति संचार भए झैं  हुन्थ्यो । लामो अन्तराल बितेकै छैन । अत्याधुनिक संचार प्रविधि र 'मसरुम मिडिया' प्रवेशसितै त्यस खाले ठेट शैली ओझेल परे । हामीले आधुनिक हुनुको अर्थ, अरुको शैली र संस्कारलाई अङ्गिकार गर्नु बुझ्यौं सायद । त्यसैले हावी छ अहिले जताततै  'फास्ट फुड' शैली । अहिलेको परिवेशमा स्तरीयता निर्धारण गर्ने नै व्यापारले हो क्यारे !  भन्छन्- 'फास्ट फुड' छिटो बिक्छ । सङ्गीतकर्मले कलाकारको गुजारा चल्नु उत्तम होला । तर बेच्नमै मात्र केन्द्रीत सिर्जना, हो कत्तिको न्यायोचित ? आफैंलाई प्रश्न गर्दै हुन्छु । अमृतको स्वभाब अनुरुपको अभिव्यक्ति निस्कन्छ- 'जो .... ले जे सुकै भनोस् राम्रो जहिले पनि राम्रै हुन्छ ।' सोध्न मन लाग्छ- 'खै त राम्राको जमाना ?' तर बोल्दिन राम्रो र न राम्रोको परिभाषा नै  दिग्भ्रमित भैरहेको  बेला  यो प्रश्नको अर्थ के ? सोच्छु, आफूलाई मन पर्ने र स्तरीय लागेको कुरा खोजी खोजी सुन्यो, मनले नखाएको र स्तरहीन ठानेको कुरालाई बेवास्ता गऱ्यो । यही त हो स्वः 'सेन्सरसीप' !  या भनु, स्वः चेतना ! यही चेतनाले त हामीलाई डोऱ्याउदै छ नि हेटौंडातर्फ ।

‘ओ चीरकाजी भाइ ! तिम्रो साली फकाउने दोहोरीले हामीलाई आतङ्कित बनायो । बन्द गर त त्यो ।’ फर्माउछु आदेश । बज्दै गरेको भाँडोबाट क्यासेट चक्का बाहिरिन्छ । ख्यात्राक्क् । हामी साङ्गीतिक मौनता तर शाब्दिक खलबलीमै पुग्छौं हेटौंडा ।

*आज भोलि हरेक साँझ रक्सिन थालेछ,* हामीलाई अनुमान छ, बिना अनुभव पक्कै बनेन यो गीत । तर पहिल्यै भेटमा रसको कोसेली ? उसै पनि रसभोगले बदनाम छ कलाजगत । भो, त्यो बेगरै जानु ठीक । खाली हात उहाँको संघार टेक्छौं । विराग दाइका गीत जति सरल र सरस छन्, उहाँ काटीकुटी त्यसकै प्रतिरूप ! ‘भाइ ! सबै कुराको केन्द्र काठमाण्डौ छ । म छु यहाँ जङ्गलमा ।’ मोफसलको पीडा एकसासमा अभिव्यक्त हुन्छ । अहिलेको काठमाण्डौ विभत्स  सस्तो रोदन र अरु के केलाई समेत सङ्गीत ठानेर झुक्किन ब्यस्त छ । विरागको ह्दयको स्वच्छ छलाङ् कसले सुन्ने ? तर साधक जङ्गलमा भए पनि अनुयायीहरु त धाइ हाल्छन् नि ! हामी त्यही त हौं ! यस्तै केही भन्न नपाउदै हार्मोनियमका पर्दामा सलबलाउछन् औंला-

................

*पहाडलाई पनि टेकी उठी रहने आकाश*
*सागरमा खसेर पनि डुबी रहेको देखेँ*

.............

*समयभन्दा बलियो कोही हुँदैन रै’छ यहाँ*
*मन्दीरहरुलाई पनि भत्की रहेको देखेँ*

उर्दू र हिन्दीका गजल र तिनका नियमलाई पछ्याउदै गजल कोर्नेको खाँचो कति छ कुन्नी ? थाहा छैन । तर विराग दाइ झैं नेपाली पनलाई जरैदेखि पहिल्याउने सर्जकको निक्कै अभाव छ हाम्रोमा । गजल र गीत गुञ्जँदै जान्छन्, हामी तरङ्गिदै जान्छौं । यस्तो खाले जमघटका अनुयायी हामी तीनैजना । मस्त । सामुन्नेमा मात्र चिया कप । तर सिर्जना छन् लठ्याउन उद्वेलित । विराग दाइ शब्दका प्यालामा मादकता थप्न ब्यस्त । हामी साङ्गीतिक मताइले रमरम । यो उहाँसितको पहिलो बसाइ, तर लाग्छ हामी युगौंदेखि सङ्गतमा थियौं । गीतको पेटारोसँगै क्रमबद्ध खुल्छन् कुराहरु । भन्नुहुन्छ- ‘यी गीत मैले नारायणका निम्ति बनाएको, मेरा सबै गीत गाउने इच्छाले डायरी नै लिएर गए । मेरी बूढीलाई भन्थे- भउजू  ! यी गीत अरुलाई नदिन भन्नु है यो बूढालाई ........ बुझ्नु भो भाइ ! नारायणको कमजोरी नै राम्रा गीत । राम्रा सिर्जना भेटे भने स्वीकृति लिनतिर लाग्दैनथे उनी । गाइ हाल्थे ।’ सोच्छु- नारायण दाइ गहिराइ पहिल्याउन खप्पिस भएर त भए नि नारायण गोपल ! सच्चा सर्जकमा मोती टिप्ने चाह हुन्छ । मोती टिप्न त गहिरिनै पर्‍यो नि ! देवकोटालाई लेख्दालेख्दैको कलम लुकाइदिँदा छेस्काले पनि लेख्ने गर्थे रे ! विरागका निम्ति देवकोटाको त्यही खोसिएको कलम जस्तै हो नारायणको आवाज । समयले कहिल्यै नफर्काउने गरी खोसेको कलम । मलाई भन्न मन लाग्छ- ‘दाइ ! देवकोटाले छेस्का समाते जस्तै गर्नुस् न ! पुरा अभिव्यक्ति नछर्लङ्गिए, कतै डोब मात्रै पनि त अङ्कित होला नि ! भोलि त्यही डोबले मूर्तरुप लिन पनि त सक्छ ।’ तर भो, यस्तो बोझिलो कुरा नभनुं । बरु डुबौं सङ्गीतकै आनन्दमा-

*गलत मोडमा जब मोडिन्छ जिन्दगी*
*आफूदेखि आफ्नै तोडिन्छ जिन्दगी*

धन्न मैले मनको उडन्ते तरङ्गलाई रोकेँ । नत्र बन्ने रै’छु जोकर । गजलको हरफमै छैन त मेरो उडन्ते तरङ्गलाई दनक ? यो गहिराइको भाका अभिब्यक्तिको लागि त चाहियो नि सङ्गत ! नारायण त विरागलाई काठमाण्डौ बोलाएर ठूलो पल्टनु साटो धाउथे रे आफैं हेटौंडा । हुन त अहिलेका अरुहरु पनि चाहन्छन् विरागका सिर्जना गाउन, तर गहिराइ पहिल्याएर कम, बजार बुझेर बेसी । विरागको सुस्केरा- ‘के गर्ने भाइ हो ? कहिलेकाँही ‘डिमाण्ड’ अनुरुप पनि सिर्जन्छु-

*हेर्छौ भने हेर छाती चिरेर*
*राखेको छु तिम्रै नाम कोरेर*

‘सधैं बोझ बोक्न कहाँ सकिन्छ त ? कहिलेकाँही त बिसाउनु पनि त पर्‍यो ।’ म छाँटी दिन्छु दर्शन । भन्नुहुन्छ- ‘भाइ, म त गम्भीरतामै रमाउछु ।  म  बिरगञ्जको ‘लालटिन जमाना’को मान्छे, अहिलेको जमानै रमझम ।’ हुन त, विराग दाइको बेलाको रमझमै बेग्लै । बाल्यकालमा काकाहरुका सामु चकलेटनिम्ति गुनगुनाउनु र बैंसमा नारायण दाइसित देउघाटको मेलामा लोक गीत सङ्कलन गर्दै गुनगुनाउनु । अहिले सम्झँदै रोमाञ्चित हुने ती रमाइला क्षणहरु । नारायणको  लम्बु कोटको बायाँ खल्तीमा भर्खर चल्तीमा आएको टेप रेकर्डर र दायाँ खल्तीमा बोटलरूपी मधुप्याला । साथमा माघको जाडोको निहुँ । *‘आज भोलि*

*हरेक साँझ'* तिनै सँझको अभिव्यक्ति हो दाइ ? भन्नुहुन्छ- 'अँ त ! नारायण बेलाबेला आइराख्ने । उनको एउटा फर्माइस् । रक्सीको गीत बनाऊ ! मेरी बूढी आसामकी, पेमला दार्जिलिङ । कुरा मिल्ने । यिनीहरु बीच चाहिँ सल्लाह- यिनलाई रक्सी कसरी छुटाउने ?...... हामी भने साँझपख राप्ती किनारको सफरमा ! हेटौंडा यस्तो भीड थिएन । पुल पनि थिएन । हललललल त्यो खोला बगिराख्या । जति जोडले कराए पनि कसैले नसुन्ने । अनि त्यो बेला कोदाको चैँ प्रकाण्ड पाउने । गायो । गफ गऱ्यो । बोटलबाटै सिधै । घर फर्क्यो, श्रीमतिहरुको प्रश्न- 'हैन सधैँ मात्ने भन्या ?' मुखबाट प्वाक्क निस्केछ- ***आज भोलि हरेक साँझ मातिन थालेछ*** नारायणलाई यही लाइन मन परेछ । यसमै बनोस् भन्ने भो । दुई तीन वर्षपछि पुरा भो गीत ।' मैले सोचेँ- पिउनु त यसरी सिर्जनशील हुनलाई पो । केही छन् नि पिएपछि राक्षसी हुँङ्कारमा डुक्ने ! त्यसरी डुक्नुमा के मजा छ कुन्नी ?

सोम रसका बारे फेरि गुनगुनाउनु हुन्छ विराग दाइ-

*नबोलाउ कसैलाई तिमी राती राती*
*होसमा हुँदैनन् कोही राती राती*
......
*दिनभरि खाएँ तिमीसङ्ग कसम*
*लड्खडाउँदै आएँ सधैँ राती राती*

सोध्छु- 'दाइ ! अहिले पनि लड्खडाउने क्रम उस्तै छ ?' भन्नुहुन्छ- 'काँ भाइ ! सुगरले गर्दा डक्टरको सल्लाह मानेँ । ठ्याप्पै भो । हेटौंडाभरि हल्ला चलेछ- विरागले पिउन छाड्यो ! बबाल ! श्रोताहरु चिन्तित ! अब गीत कसरी सुन्ने ? किरीया त खा' छैन । आमाको पेटैदेखि चाखेको मान्छे । त्यसैले 'हरेक साँझ'को सट्टा कैले कैलेमा पुग्या छ । मुड छ भने अहिले पनि तयार ! ' हाँसो नथामिँदै हामी सज्जन पल्टन्छौं- 'आज प्याला बिनै मातौं दाइ !' गीत र वार्ताले नै हामी घण्टौं बेहोसिन्छौं । छुट्टिने बखत भन्नुहुन्छ- 'आज एउटा नौलो अनुभव भो, मधुप्याला बिना पनि जम्दो रै'छ महेफिल !' भोलि पल्टसम्मै हुन्छौं हामी त्यही साङ्गीतिक 'हचाङ'मा । हामीलाई बोक्ने चीरकाजीको ट्याक्सी हुँइकन्छ पोखरातर्फ । अगाडि सीटको दानु पुनः शुरु गर्छ जोकिन-'चीरकाजी भाइ ! गलत मोडमा नमोड है जिन्दगी ।'